**पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुरको पशु उत्पादन सामग्रीहरूको पैठारी गर्दा अपनाउने विधिहरुको बारेमा सरोकारावालाहरुको जानकारीका लागि प्रकाशित सूचना।**

**तपसील:**

१. पैठारीकर्ताले आफ्नो व्यवसाय फर्म दर्ताको प्रमाणपत्र, PAN No., कर चुक्ताको प्रमाणपत्र तथा EXIM Code सहितको निवेदन कार्यालयमा पेश गर्ने ।

२. कार्यालय वा निवेदक स्वयंले उक्त निवेदन दर्ता गरी पेश भएका कागजातहरू प्रयोग गरी NNSW मा निज निवेदकको व्यापारिक खाता खोल्ने ।

३. NNSW प्रणालीमा विधिवत् दर्ता भएको केही बेरमा निवेदकको इमेलमा सो को जानकारी NNSW को Central System बाट आउँछ जस अनुसार निवेदकले Password Reset गर्ने ।

४. NNSW प्रणालीमा निवेदकको फर्म दर्ता पश्चात निवेदकले कार्यालयमा निम्न कागजातहरू पेश गर्नु पर्ने हुन्छः

क) निर्यात गर्न चाहेको कम्पनीको सम्बन्धित देशमा दर्ता भएको प्रमाणपत्र,

ख) कम्पनीको importer-Exporter Code

ग) कम्पनीको GMP Certificate

घ) कम्पनी तथा यसको उत्पादन सम्बन्धी Brochure

ङ) कम्पनीवाट जारी गरिएको Authorization Letter

च) निर्यातकर्ता कम्पनीले जारी गरेको Performa Invoice (यसमा अन्य व्यापारिक जानकारीको साथै दानाको Batch No. र MFD अनिवार्य उल्लेख भएको हुनु पर्छ ) ।

छ) पैठारी गर्न चाहेको मालसमानको In-house Laboratory Analysis Report (CoA/Certificate of Analysis)

ज) ISO/IEC17025-2005 वा ISO/IEC 17025-2017 प्रमाणिक निर्यातकर्ता मुलुकले मान्यता प्रदान गरेको प्रयोगशालाले जारी गरेको **Third Party Laboratory Analysis Report** ।

झ) निर्यातकर्ता कम्पनीद्वारा **Labeling Information** सहितको सीलबन्दी गरेको दानाको नमूना (२५०-५०० ग्राम) ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाईन कार्यालय

५. कार्यालयले वा निवेदक स्वयंले उक्त कागजातहरूको Scanned Copy निवेदकको NNSW खातामा माग अनुसारका जानकारी उल्लेख गर्दै Upload गर्ने/गरी दिने र NNSW को Dialogue Box को दाहिने पट्टी माथि तिर देखिने Store बटन थिच्ने, Submit Button नचलाउने।

६. कसै गरी Submit Button थिच्न पुग्छ भने दानाको परीक्षण प्रतिवेदन पूनः Upload गर्नका लागि पशु क्वारेन्टाइन महाशाखा, हरिहरभवनमा सम्पर्क गर्ने ।

७. दानाको नमुना विभागले तोकेको सम्बन्धित प्रयोगशालमा विश्लेषणको लागि पठाउने ।

८. सम्बन्धित विभागीय वा विभागले तोकेको अन्य प्रयोगशाला (Third Party lab) को प्रतिवेदन निवेदकले आफ्नो NNSW खातामा Upload गर्ने र यस पछि Submit गर्ने ।

९. Submit Button थिचेपछि Fee जम्मा गर्ने ।

**यस अनुसार निवेदकको सिफारिस पत्रको लागि पशु सेवा विभागमा निवेदन प्रकृया पुरा हुन्छ ।** यस पछिको प्रकृया निम्न अनुसार हुन्छः

१०. पशु सेवा विभागवाट सिफारिस पत्र जारी भएपछि निवेदकले आफ्नो NNSW खाता मार्फत जानकारी प्राप्त गर्छ र Dialogue Box को दाहिने माथि तिर लेखिएको Print भन्ने Button थिचेर विद्युतीय सिफारिस पत्रलाई Save गरेर Print निकाल्ने।

११. सिफारिस पत्र प्राप्त गरेपछि निवेदकले प्रतीतपत्र (Letter of Credit) को प्रकृया अगाडी बढाउनु पर्छ।

१२. सिफारिस पत्रमा स्वीकृत भएको परिमाण अनुसारका **प्रत्येक Item** अलग अलग उल्लेख हुने गरी निर्यातकर्ता कम्पनिद्वारा जारी गरिएको **Commercial Invoice** पेश गर्नु पर्छ ।

१३. पैठारीकर्ता कम्पनीले आफ्नो मुलुकको क्वारेन्टाइन प्रणालीबाट पशुको हकमा **IAHC/International Animal Health Certificate** र पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको हकमा **SC/Sanitary Certificate** लिएर आफ्नो नेपाली Counterpart लाई उपलब्ध गराउनु पर्छ।

१४. अन्तर्राष्टिय प्रमाणपत्रमा अन्य विवरणहरू बाहेक दानाको **Batch No., MFD** तथा **Third Party Laboratory** बाट प्राप्त प्रतिवेदनको Ref. No. तथा Date अनिवार्य उल्लेख भएको हुनु पर्छ ।

१५. कतिपय अवस्थामा IAHC/SC को सत्यापन गर्न आवश्यक हुने गरेकोले निर्यातकर्ता कम्पनीले आफ्नो मुलुकको क्वारेन्टाइनलाई सो को Scanned Copy आधिकारिक Email मार्फत यस कार्यालयको आधिकारिक **Email (aqogaddachauki@gmail.com)** मा पठाउन अनुरोध गर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

१६. Commercial Invoice तथा Valid IAHC/SC निवेदकले आफ्नो NNSW खातामा Upload गर्नु पर्छ ।

१७. Crossing Slip लिनु पर्छ ।

१८. निवेदकले यि प्रकृयाहरू गर्ने क्रममा आफ्नो भारतीय Counterpart तथा कार्यालयसँग आवश्यकता अनुसार सम्पर्कमा बस्नु उपयुक्त हुन्छ ।

१९. निवेदकले Commercial Invoice तथा Valid IAHC/SC प्राप्त गरेपछि आफ्नो NNSW खाता मार्फत **Request for Inspection** मा गएर Header मा Means of Transport मा **Road Vehicle Mode of Transport** मा **गाडी नं.** अनिवार्य उल्लेख गर्नु पर्छ भने Items मा गएर भन्सारसम्म आई पुगेका मालसमानहरूको **Commercial Invoice** अनुसार परिमाण उल्लेख गरेर Update गर्नु पर्छ ।

२०. निवेदकको मालसमान धनगढी भन्सार कार्यालय, कैलालीमा आई पुगेपछि पैठारीकर्ताले पशु क्वारेन्टाइन चेकपोस्ट, धनगढीमा जानकारी गराई **Admissibility** को प्रकृया अगाडी बढाउनु पर्छ ।

**विशेष अनुरोधः**

दाना निर्माण मिति, In-house Lab Analysis Report को मिति, Third Party Lab Analysis Report को मिति, दानाको नमुना विभागमा पठाइने मिति, विभागीय प्रयोगशाला वा विभागले तोकेको प्रयोगशालाको प्रतिवेदन मिति, विभागले सिफारिस पत्र जारी गरेको मिति, प्रतीतपत्र जारी भएको मिति, Commercial Invoice को मिति, IAHC/SC जारी भएको मिति तथा Crossing Slip को मिति एकपछि अर्को गरी सिलसिलेवार मिलेको हुनु पर्छ । अन्यथा विधि प्रकृया अनुसार अमान्य ठहरिनेछ ।

यस बाहेक अन्य जानकारीको लागि कार्यालयसँग निम्न बमोजिम सम्पर्क गर्न सकिन्छः


पशु क्वारेन्टाइन कार्यालय, कार्यालय प्रमुख : ९८५८७७७१३३, सुचना अधिकारी ९८५८७७७१३२

पशु क्वारेन्टाइन चेकपोस्ट, गड्डाचौकी, कंचनपुर : ९८५८७८७१३४

पशु क्वारेन्टाइन चेकपोस्ट, धनगढी, कैलालीः ९८५८७८७१३६

पशु क्वारेन्टाइन चेकपोस्ट, बेलौरी, कंचनपुरः ९८५८७८७१३५

पशु क्वारेन्टाइन चेकपोस्ट, खलंगा, दार्चुलाः ९८५८७८७१३७

Website: aqogaddachauki.gov.np


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाईन कार्यालय
गड्डाचौकी, कञ्चनपुर